अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्या: १५/०७७

अध्यक्षता: नगर प्रमुख श्री हरिकुमार राना

मिति: २०७७/०८/०८

उपस्थिति:

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | खिनमान |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | |
| प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्रकुमार खाम्याहाङ्ग | |
| लेखा अधिकृत | श्री रामचन्द्र घिमिरे | |

अधिकृत (सातौं), योजना शाखा, श्री हिमराज सेडाई

इन्जिनियर, श्री निता नेपाल.

सहायक, प्रशासन, श्री सौजन कट्टुवाल

१९/०८/०७७ हरि कुमार राना मगर नगर प्रमुख

मिति २०७७ साल मङ्गसिर ७ गते सोमबार बसेको अर्जुनधारा नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिम निर्णयहरु गरियो ।

१. अर्जुनधारा नगर कार्यपालिकाको कार्यालयको नदिजन्य सामाग्री उत्खनन सम्बन्धि देहायका ठेक्काहरु मिति २०७७/०५/३० गतेको कार्यपालिका बैठकबाट देहाय बमोजिम स्वीकृत गर्ने निर्णय भई सम्बन्धित ठेकेदारहरुलाई उत्खननका लागि अस्थायी इजाजतपत्र दिइएकोमा उक्त ठेक्का स्वीकृत हुनुपूर्व सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ बमोजिम आशयको सूचना प्रकाशन गर्न भूलवस छुटेकाले उक्त ठेक्का स्वीकृतिका लागि आशयको सूचना प्रकाशन गर्ने निर्णय गरियो । उक्त ठेक्का बमोजिम नदिजन्य सामाग्री उत्खननका विषयमा सम्मानित सर्वोच्च अदालतमा मुद्दा विचाराधिन रहेकाले सम्मानित अदालतबाट अन्तिम फैसाला भई आएपश्चात सोही बमोजिम गर्ने गरी हाललाई आशयको सूचना प्रकाशन गरी अन्य प्रक्रिया स्थगन गर्ने निर्णय गरियो। (राजश्व शाखा )

| क.सं. | ठेक्का | फर्मको नाम |
|---|---|---|
| १ | AM/IR/04/077/78 बिरिङ नदी प्याकेज नं १ | जे एण्ड जे निर्माण सेवा,दमक |
| २ | AM/IR/05/077/78 बिरिङ नदी प्याकेज नं २ | जे एण्ड जे निर्माण सेवा दमक |
| ३ | AM/IR/06/077/78 ठूलो नेते खोला | प्रगतिशिल निर्माण सेवा,बुद्धशान्ती झापा |
| ४ | AM/IR/07/077/78 टाङटिङ नदी | कृष्ण निर्माण सेवा शिवसताक्षी,झापा । |

२. नगर कार्यपालिकाको कार्यालय परिसर भित्र रहेका पुराना काठहरु प्रयोग गरी कार्यालयमा आवश्यक फर्निचर बनाउनका लागि प्राप्त प्रस्ताव बमोजिम ती काठहरु उपयोग गरी श्रमिक खटाई कार्यालयको आवश्यकता बमोजिमका सामाग्रीहरु तयार गर्न नगर कार्यपालिकाको कार्यालयमा निर्देशन दिने निर्णय गरियो ।( जिन्सी शाखा )

३. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जेष्ठ नागरिक लक्षित नगर कार्यक्रमका लागि विनियोजित बजेट रु १ लाख ५० हजार बाट ज्येष्ठ नागरिक सामुदायिक मिलन समाज,अर्जुनधारा-८ बाट पेश भए बमोजिम विपन्न वर्गलाई कम्बल वितरण गर्न तथा अन्य प्रशासनिक खर्चमा प्रयोग गर्न (बिल भरपाई तथा सेवा प्रवाहका विषयमा सम्बन्धित निकाय नै जवाफदेही हुने गरी) उपलब्ध गराई नियमानुसार कार्यक्रम सम्झौता गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( सामुदायिक विकास शाखा )

४. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको चालु आर्थिक वर्षको कार्यक्रम अन्तर्गत वडा नं १ को सातकटेरी तथा वडा नं २ को टाङटिङ काठेपुल छेउ कार्यक्रम स्वीकृत भएकोमा वडा नं १ को उक्त स्थान भन्दा सो क्षेत्रबाट करिब ६०० मिटर दक्षिण सानो नेते खोला पूर्वी भाग प्रेम सारुको घरछेउमा कार्यक्रमको आवश्यकता भएको र वडा नं २ को प्रस्तावित कार्यक्रम क्षेत्रमा मदन भण्डारी राजमार्ग आयोजनाको कार्यक्रम रहेकाले उक्त कार्यक्रम काठेपुल दक्षिण करिब ५०० मीटर बेलटारको पूर्वी भाग नौ नम्बर पैनीको उत्तर खोलाको पश्चिमि किनारमा तटबन्धन कार्यक्रम गर्नु उपयुक्त हुने भनी कार्यक्रम स्थल संशोधनका लागि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई

हरी कुमारी रोका मगर
नगर प्रमुख

आएकाले उक्त कार्यक्रम स्थल संशोधनका लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति समक्ष अनुरोध गर्ने निर्णय गरियो ।( योजना शाखा )

५. मदन भण्डारी राजमार्ग आयोजना अन्तर्गत बिरिङ खोला, ठूलो नेते खोला, सानो नेते खोला, दामाखोला, हडिया गंगटे लगायतका नदिहरुका पुल निर्माणका लागि ठेक्का प्राप्त गरेको रसुवा कन्स्ट्रक्सन कम्पनी प्रा. लि. ले आयोजना अवधिभरका लागि बिरिङ खोलाको किनारमा अस्थायी क्रसर स्थापनाका लागि स्वीकृतिका लागि निवेदन पेश गरेकोमा उक्त कम्पनीद्वारा स्थापना गरिने अस्थायी क्रशरले पार्ने संक्षिप्त वा प्रारम्भिक वातावरणीय परीक्षण यस कार्यालयको स्वीकृतिमा सम्बन्धित संस्थाबाटै गरी गराई प्रतिवेदन प्राप्त भए पश्चात आवश्कय निर्णय गर्ने निर्णय गरियो ।( राजश्व शाखा/ योजना शाखा )

६. राजपैनी जल उपभोक्ता संस्था,अर्जुनधारा-४ बाट सो संस्थाको पैनी मर्मतका लागि बजेट माग गरी निवेदन पेश भएकोमा उक्त पैनी मर्मतका लागि लाग्ने लागत स्टमेट तयार गरी सो प्राप्त भए पश्चात आवश्यक निर्णय गर्ने निर्णय गरियो ।( प्राविधिक शाखा )

७. वडा कार्यालयहरुबाट गरिने घरायशी लेनदेन सम्बन्धि लिखत प्रमाणिकरणको शुल्कका सम्बन्धमा प्राप्त प्रस्ताव उपर छलफल गर्दा वडा कार्यालयहरुबाट गरिने नियमानुसारका लिखत प्रमाणित गर्दा मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा ३६ को उपदफा ४ बमोजिम रु २००/- (दुई सय मात्र ) राजश्व लिने निर्णय गरियो । ( राजश्व शाखा/ वडा कार्यालयहरु )

८. अर्जुनधारा नगरपालिका वडा नं ८ शनिश्चरे बजार स्थित सब्जी बजारमा रहेका टहराहरु जिर्ण भएकाले लिलामी तथा अन्य व्यवस्थाका लागि ८ नं वडा कार्यालयबाट अनुरोध भई आएकोमा नगर स्तरीय अनुगमन समितिबाट उक्त टहराहरु स्थलगत अनुगमन गरी प्रतिवेदन प्राप्त भएपश्चात आवश्यक निर्णय गर्ने निर्णय गरियो ।( ८ नं वडा कार्यालयसँग समन्वय गरी राजश्व शाखा )

९. शहिद राजन गिरी मार्ग अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं ४ र ५ जोड्ने बिरिङ्ग खोलामा हाल कज्वे रहेकामा वर्षातको समयमा उक्त खोलामा आउने बाढीलाई कज्वेले मात्र थेग्न नसक्ने भएकाले उक्त स्थानमा पक्की पुल निर्माण गर्नु अति आवश्यक भएको, पुल नभएकाले त्यस क्षेत्रका वासिन्दाहरुलाई वर्षातको समयमा आवतजावतमा समस्या रहेकाले शहिद राजन गिरी मार्गको लक्ष्मीपुर साधुटार खण्डमा पर्ने बिरिङ्ग खोलामा पुल निर्माणका लागि १ नं प्रदेश सरकार तथा संघीय सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो । ( योजना शाखा )

१०. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार रु १० लाख वा सो भन्दा माथिका निर्माणसँग सम्बन्धित आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा आयोजनाको दीगोपना तथा उपभोक्ता समितिको जवाफदेहिता प्रवर्द्धनका लागि ५ प्रतिशत रकम धरौटी बापत कट्टा गर्ने विषयमा छलफल हुँदा यस आ.व. मा सञ्चालन हुने १० लाख भन्दा माथिका निर्माणसँग सम्बन्धित सबै योजनाहरु सञ्चालनका लागि ठेक्का बन्दोवस्त गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।( योजना शाखा/ आर्थिक प्रशासन शाखा )

११. यस नगर कार्यपालिकाबाट गत आर्थिक वर्ष २०७६/०७७ मा निर्णय भई सम्झौता तथा फरफारक भई भुक्तानी बाँकी रहेका ह्युमपाइप खरिद, तारजाली खरिद, वडा नं ४ मा स्वास्थ्य

हरी कुमार राना मगर
नगर प्रमुख

१७. अर्जुनधारा नगरपालिकाका लागि अनुदानको रासायनिक मल बिक्रेता छनौट गर्न अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम सूचना प्रकाशन गरी बिक्रेताहरुबाट प्रस्ताव आह्वान गरिएकामा प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी अर्जुनधारा नगरपालिकाको स्थानीय तह मल वितरण व्यवस्थापन समितिको निर्णयलाई नै सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो । ( कृषि विकास शाखा )

१८. यस अर्जुनधारा नगरपालिकामा नगर सभाबाट स्वीकृत ऐन तथा नगर कार्यपालिकाबाट स्वीकृत नियम, निर्देशिका, मापदण्ड र कार्यविधिहरु प्रकाशनको अवस्थामा नरहेकाले स्थानीय सरकार सञ्चालन (संशोधन सहित), २०७४ को दफा १०२ को भावना अनुरुप अविलम्ब बजेट व्यवस्था समेत गरी स्थानीय राजपत्रको रुपमा प्रकाशन गरी तत् तत् निकायमा पठाउने र सरोकारवालाको जानकारीका लागि बिक्री लगायतको व्यवस्था समेतका लागि निर्णय गरियो ।साथै, मौजुदा स्थानीय राजपत्र प्रकाशन कार्यविधिमा सामयिक परिमार्जनको मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्न नगर कार्यपालिकाको सचिवलाई निर्देशन दिने निर्णय गरियो ।

१९. यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत आ.व. २०७७/०७८ मा सृजना गर्ने चालु तर्फ दायित्वहरु शीर्षकमा रहेको रकमबाट रु १४००००/- रकम सम्म वडा नं ५ का १५५ विपन्न वर्गका परिवारलाई शौचालय निर्माणका लागि रिङ्ग वितरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।( **योजना/ आर्थिक प्रशासन शाखा** )

२०. गत आर्थिक वर्ष २०७६/०७७ मा यस नगर कार्यपालिकाको मिति २०७६/१०/०६ को नि.नं. ९ बाट भएको निर्णयानुसार कार्यालय र बेलटार खानेपानी उपभोक्ता समिति बिच खानेपानी आयोजना सञ्चालन गर्न भएको सम्झौतामा तत्काल रु १० लाखबाट खानेपानी पाइप र फिटिङ्स मात्र व्यवस्थापन गर्न बजेट पुगेको र पाइपलाइन खनी जडान गरी खानेपानी सुचारु गर्न बजेट अभाव भएको हुँदा चालु आर्थिक वर्ष २०७७/०७८ मा दायित्व सृजना गरी उक्त आयोजनाको बाँकी काम सम्पन्न गरी भुक्तानी दिने प्रयोजनका लागि छलफल हुँदा उपभोक्ता समितिबाट खरिद गरिएको कार्य कानूनतः नमिल्ने भनी कार्यालयबाट पेश भएकोमा अब उप्रान्त यस प्रकारको कार्य प्रक्रिया नदोहोरिने गरी खरिद प्रक्रियाको सम्बन्धमा उपभोक्ता समितिलाई पूर्णरुपमा जवाफदेही बनाई भुक्तानी व्यवस्था मिलाउन र यस वर्ष कार्य सम्पन्न गर्न आवश्यक पर्ने बजेटका लागि चालु आ.व. मा स्वीकृत कार्यक्रम र बजेटमा खर्च नहुने कुनै पनि बजेट र शीर्षकबाट प्रमुखज्यूको स्वीकृतिमा खर्च हुने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।( **योजना/ आर्थिक प्रशासन शाखा** )

२१. चालु आर्थिक वर्ष २०७७/०७८ का लागि वार्षिक अनुमानित आय ८१ करोड ८४ लाख ६१ हजार ३ सय साठी रुपैया अन्ठानब्बे पैसा भएकोमा आर्थिक वर्षको पहिलो चौमासिक भित्र कुल आम्दानी रु २३,७७,७१,१२८.७४ (तेइस करोड सतहत्तर लाख एकहत्तर हजार एक सय अट्ठाइस रुपैया पैसा चौरहत्तर ) र कुल खर्च रु ११,८६,४३,१९७.०९/- ( एघार करोड छयासी लाख त्रिचालिस हजार एक सय सन्ताब्बे रुपैया पैसा नौ) को विवरण स्थानीय सरकार सञ्चालन (संशोधन सहित) ऐन, २०७४ को दफा ७६ को उपदफा (३) अनुसार बैठकमा पेश भई जानकारी भयो ।

हरी कुमार राना मगर
नगर प्रमुख

चौकीमा आइसोलेसन निर्माण जस्ता दायित्व बाँकी रहेका योजना तथा कार्यक्रमहरुको बाँकी तोकिएको श्रोतहरुबाट भुक्तानी गर्ने निर्णय गरियो । ( योजना शाखा/ आर्थिक प्रशासन शाखा )

१२. अर्जुनधारा नगरपालिका, १० नं वडा कार्यालयको भवन निर्माणका लागि अर्जुनधारा नगरपालिका वडा नं १० बस्ने श्री योगनाथ पोखेलले निजको नाममा दर्ता कायम कि.नं. ४४३९ र श्री टंकनाथ पोखेलले निजको नाममा दर्ता कायम कि.नं. ४४३८ मध्येबाट ज.वि. ०-५-० निःशुल्क उपलब्ध गराउनुहुने भएकोले उक्त जग्गा वडा कार्यालय निर्माणका लागि उपयुक्त रहेकाले नामसारीका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो । ( जिन्सी शाखा/ १० नं वडा कार्यालय )

१३. यस नगरपालिकामा कोभिड १९ प्रकोप रोकथाम नियन्त्रण प्रतिकार्य कार्यमा खर्च भएका अनसुचि १ बमोजिमका खर्चहरु अनुमोदनका लागि कोभिड १९ प्रकोप व्यवस्थापन समिति (CCMC) बाट सिफारिस भइ आए बमोजिमका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो । साथै,नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सम्बन्धि सामाग्रीहरु (मास्क, स्यानिटाइजर, ग्लोब्स ) लगायतका सामाग्रीहरु कोभिड १९ विपद व्यवस्थापन कोषबाट खर्च लेखी उपलब्ध गराउने निर्णय गरियो ।(स्वास्थ्य शाखा/ आर्थिक प्रशासन शाखा/ जिन्सी शाखा )

१४. अर्जुनधारा नगरपालिका वडा नं ९ स्थित शनिश्चरे अस्पतालका लागि एक जना सह लेखापाल तथा नगर कार्यपालिकाद्वारा सञ्चालित आइसोलेसन/क्वारेन्टाइनका लागि ४/४ जना अ.हे.व./अ.न.मी. पदका लागि जनशक्ति छनौट गर्न कार्यपालिका बैठकको निर्णयानुसार प्रक्रिया अघि बढाइएकोमा सह लेखापाल पदका लागि लिखित परीक्षा सञ्चालन गर्न कोभिड १९ प्रकोपका कारण तत्काल लिखित परीक्षा सञ्चालन गर्ने अवस्था नरहेको र हाल आइसोलेसन तथा क्वारेन्टिन सञ्चालनमा नरहेकाले हाललाई दुवै विज्ञापनको प्रक्रिया स्थगन गर्ने र नायब पशु स्वास्थ्य प्राविधिक र प्राविधिक सहायक(कृषि) पदको अन्तिम नतिजा प्रकाशन र नियक्ति सम्बन्धि प्रक्रिया सम्पन्न भई सकेको हकमा अनुमोदन गर्ने र बाँकीको हकमा प्रक्रिया अघी बढाउने निर्णय गरियो ।( क.प्र. शाखा/ स्वास्थ्य शाखा )

१५. अर्जुनधारा नगरपालिका ९ नं वडा कार्यालय सञ्चालनका लागि बहालमा लिइएको घरका लागि मासिक १२,५००/- ( बाह्र हजार पाँच सय मात्र, बिजुली पानी समेत ) उपलब्ध गराउने गरी चालु आर्थिक वर्ष २०७७/०७८ का लागि बहाल सम्झौता नविकरण गर्ने र कार्यालय प्रमुख आवासका लागि समेत मासिक रु १५,०००/- मा घर भाडा सम्झौता लिई गरी तोकिएको शीर्षकबाट भुक्तानी व्यवस्था गर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन/ जिन्सी / ९ नं वडा कार्यालय )

१६. यस नगरपालिकाका स्वीकृत योजनाहरु सञ्चालनका लागि उपभोक्ता समितिहरुलाई योजनाका लागि विनियोजित बजेटबाट भुक्तानी दिँदा तोकिएको दर अनुसारको भाडा कट्टा गरी राजश्व दाखिला गर्ने गरी नगर कार्यपालिकाको कार्यालयका हेभी सवारी साधन तथा उपकरणहरु सम्बन्धित वडा अध्यक्षको सिफारिसमा उपलब्ध गराउने निर्णय गरियो ।( योजना शाखा/ यान्त्रिक शाखा/ आर्थिक प्रशासन शाखा/ राजश्व शाखा )

हरी कुमार राजा मगर
नगर प्रमुख

२२.यस नगरपालिकाको सातौं नगर सभाबाट चालु आर्थिक वर्ष २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विषय क्षेत्रगत बजेट विनियोजनको युवा खेलकुद तथा सँस्कृति वडागत विनियोजन रु २७.५ लाख, सडक कालोपत्रे रु ३३० लाख, सडक ग्राभेल पुल आवास तटबन्धन रु ७७ लाख, मर्मत सम्भार कोष वडा स्तरीय रु ११० लाख बजेटबाट सञ्चालन गर्ने गरी वडा समितिबाट पेश भएका अनुसुचि २ बमोजिमका योजनाहरु स्वीकृत गरी सञ्चालन गर्ने र अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।साथै, उक्त योजनाहरु तोकिएको प्रणालीमा प्रविष्ट गर्नका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२३. १ नं प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०७७/०७८ मा झापा मोरङ्ग सुनसरीका लागि खोलाहरुमा चेक ड्याम निर्माण गर्न विनियोजित बजेटबाट अर्जुनधारा नगरपालिका वडा नं १ स्थित बिरिङ्ग खोलामा चेक ड्याम निर्माण गर्नका लागि १ नं प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।साथै, अर्जुनधारा नगरपालिकाको शनिश्चरे खुदुनाबारी सडक खण्ड कालोपत्रे गर्नका लागि १ नं प्रदेश सरकारबाट ठेक्का बन्दोवस्त भई निर्माण कार्य भई रहेकोमा हाल उक्त निर्माण कार्य स्थगित भएको र सडक जिर्ण भई आवात जावतमा तथा धुलोले स्थानीयवासीको स्वास्थ्यमा समेत प्रतिकुल अवस्था पारेकाले उक्त सडक कालोपत्रे गर्ने कार्य सुचारु पार्ने कार्य अघि बढाउनका लागि १ नं प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय विराटनगरमा अनुरोध गर्ने निर्णय गरियो ।

२४.कोभिड १९ प्रकोपको समयमा नगरपालिकाको कामकारबाहिमा सहयोग गरेका अर्जुनधारा नगर क्षेत्र भित्र क्रियाशिल १४ जना पत्रकारहरुको नगरपालिकाबाट कोभिड विमा गरिएकोमा उक्त विमाको रकम नगरपालिकाको कोभिड प्रकोप व्यवस्थापन कोषबाट खर्च लेखी भुक्तानी गर्न नगर कार्यपालिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा )

२५.अर्जुनधारा नगरपालिकामा अस्पताल निर्माणका लागि अर्जुनधारा नगरपालिका वडा नं ९ बस्ने कृष्णप्रसाद बरालले निजको नाममा दर्ता कायम साविक शनिश्चरे ३क कि.नं. ८९६३ को ज.वि. ४-५-० मध्येबाट गुरुकुललाई दिएको जग्गाको दक्षिणतर्फको बिच भागबाट ज.वि. १-०-० जग्गा यस नगरपालिकाको नाममा नि शुल्क उपलब्ध गराउनु हुने भएको र उक्त जग्गा अस्पताल निर्माणका लागि उपयुक्त रहेकाले उक्त जग्गा नामसारीका लागि प्रचलित कानून अनुसारको आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।( जिन्सी / स्वास्थ्य शाखा )

२६.अर्जुनधारा नगरपालिकाका नगर सभा सदस्य कुन्दन भट्टराईको मिति २०७७ साल कार्तिक २८ गते असामयिक निधन भएकाले उहाँको निधन प्रति यो बैठक गहिरो दु:ख व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । उहाँको निधनप्रति शोक व्यक्त गर्दै १३औं दिनको पुण्य तिथीको अवसरमा मिति २०७७ साल मंसिर १० गते बुधबारका दिन नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा (आकस्मिक सेवा/बर्थिङ्ग सेण्टर बाहेक ) १ दिन शोक विदा दिने तथा सो दिन नगर कार्यपालिकाको कार्यालयमा दिनको ११ बजे श्रद्धाञ्जली सभा गर्ने निर्णय गरियो ।

अनुसुचि १ (निर्णय नं १३ सँग सम्बन्धित )

| क्र.सं | फर्मको नाम | रकम (रु) | प्रयोजन |
|---|---|---|---|
| १ | अमन फार्मेसि | रु ३३,३९१।५० | प्रस्तावित आइसोलेसन सेन्टर तयारी |
| २ | दमक सर्जिकल सप्लायर्स | रु ४४,३६०।०० | प्रस्तावित आइसोलेसन सेन्टर तयारी |
| ३ | विपद व्यवस्थापन तथा निर्माण समिति | रु १,८७,२५७।१४ | प्रस्तावित आइसोलेसन सेन्टर तयारी (१० वटा शौचालय निर्माण) |
| ४ | विपद व्यवस्थापन तथा निर्माण समिति | रु ६,२१,४०२।७३ | प्रस्तावित आइसोलेसन सेन्टर तयारी (आईसोलेसन सेन्टर अगाडि कर्मचारी र सुरक्षाकर्मी रहने कार्यकक्ष) |
| ५ | न्यु सागर अटोपार्टस | रु २१,९१०। | वा २ झ ४००७ एम्बुलेन्स मर्मत |
| ६ | प्रसाई किराना पसल | रु २४,६९४। | क्वारेन्टीनको लागी आवश्यक किराना सामाग्री |

हरी कुमारी राना मगर
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ७ | विर्ता सर्जिकम एण्ड सप्लयर्स | रु ७५,८१९।०० | भि.टि.एम किट |
| ८ | प्रसाई किराना पसल | रु ३६,१२०।०० | क्वारेन्टीनको लागी आवश्यक किराना सामाग्री |
| ९ | न्यु पाथिभरा देवि अटोवर्कस | रु १३,९००। | वा २ झ ४००७ एम्वुलेन्स मर्मत |
| १० | देप फ्रेस हाउस | रु ३६,९००। | २०७७ श्रावणको महिनावाट २०७७ कातिक सम्म प्रत्येक हप्ता अर्जुनधारा नगरपालिकाको क्वारेन्टीनमा मागअनुसारको मासु उपलब्ध गराएको |
| ११ | पि.एण्ड.पि ट्रेडर्स | रु २,५०,००१।२१ | भि.टि.एम किट खरीद |
| १२ | आर्जन पुस्तक पसल एण्ड स्टेसनरी सप्लायर्स | रु ९०४०। | फिनेल खरीद |
| १३ | आर्जन पुस्तक पसल एण्ड स्टेसनरी सप्लायर्स | रु ४४,१९४।३० | झुल,तन्ना,वाल्टी,एकसेन्सन कर्ड, झाडु लगायत |
| १४ | मेडि हव फर्मा सेल्स | रु ३९,८४४।०० | कोभिड १९ व्यवस्थापनको लागी कार्यालयमा आवश्यक सर्जिकल मास्क,सेनिटाइटर,मास्क,सेनिटाईजर लगायत |
| १५ | दमक सर्जिकल सप्लायर्स | रु १४,२९७।५० | अर्जुनधारा नगरपालिका कार्यालयमा सेनिटाईजर डिस्पेन्सर र सेनिटाईजर |
| १६ | पाथिभरा हाम मार्केट | रु ८९,७६६।०० | झुल,म्याट,तन्ना,पलेक्स प्रिन्ट,मास्क,सेनिटाईजर,सर्जिकल मास्क,सोडियम हाईड्रोक्लोराईड लगायत |
| १७ | अम्वे भवानि प्लाई उद्योग | रु ८६,७१०।५५ | क्वारेन्टीनको लागी आवश्यक खाट निर्माण |
| १८ | प्लाटिनियम मार्केटिङ | रु ३,३९,५५०।८८ | क्वारेन्टीनको लागी आवश्यक खाट निर्माण |
| १९ | विर्ता सर्जिकम एण्ड सप्लायर्स | रु ५१,९४६।०० | भि.टि.एम किट |
| २० | क्वालिटि सर्जिकल हाउस | रु ४१,६७१।४३ | मास्क,सेनिटाईजर,सर्जिकल मास्क,सोडियम हाईड्रोक्लोराईड लगायत |
| २१ | क्वालिटि सर्जिकल हाउस | रु ७१,५०८।६६ | मास्क,सेनिटाईजर,सर्जिकल मास्क,सोडियम हाईड्रोक्लोराईड लगायत |
| २२ | क्वालिटि सर्जिकल हाउस | रु १५,४४८।२० | मास्क,सेनिटाईजर,सर्जिकल मास्क लगायत |
| २३ | दमक सर्जिकल सप्लायर्स | रु २,७७,६४१।०० | भि.टि.एम किट मास्क र पन्जा |
| २४ | हरी सिद्धी स्टुसनरी एण्ड वुक्स सेन्टर | रु २१,५९९।०० | जि प्लग व्याग,ठुलो झोला ;कन्टेनर व्याग लगायत |
| २५ | विपद व्यवस्थापन तथा निर्माण समिति | रु १,२०,०००।०० | ३० सेट डेस्क वेन्च निर्माण विपद व्यवस्थापनको क्रममा सेवा प्रवाहमा सहजता ल्याउने गरी |
| २६ | अर्जुनधारा नगरपालिकाको क्वारेन्टीनमा खाना तथा खाजा ढुवानी | रु ३८,८८५/- | खाना तथा खाजा ढुवानी |
| २७ | मे १ च ७५१३ | रु १७,०००। | अर्जुनधारा नगरपालिकाको क्वारेन्टीनको लागी आवश्यक खाटहरु रंगरोगन,ढुवानी लगायत |

हरी कुमारि राना मगर
नगर प्रमुख